"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७६/०७७

चलानी नं. : ९०८

मिति : २०७६/०८/१५

विषयः आयोजनाको सम्झौता सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै
नमोबुद्ध नगरपालिका ।

नगरपालिकाबाट कार्यान्वयन गरिने विकास निर्माण सम्वन्धि आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुको व्यवस्थित कार्यान्वयनका लागि नमोबुद्ध नगरपालिका, नगर कार्यपलिकाको कार्यालयबाट पारित भई मिति २०७५ भाद्र २५ गते स्थानीय राजपत्रमा प्रकाशित नमेबुद्ध **नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५** मा भएको व्यवस्था एवं तपशीलमा उल्लेखित शर्तका आधारमा **२०७६ मंसिर मसान्त** भित्र अनिवार्य रुपमा सबै आयोजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गरी सिफारिस साथ सम्झौताका लागि पठाईदिनु हुन अनुरोध छ ।

**तपशीलः**

१) समिति गठनको लागि आमभेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मिति भन्दा कम्तिमा दुई दिन अगावै प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुलाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

२) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमानै सात देखि एघार (७ देखि ११) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ र आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी योजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न भेलाबाट सम्बन्धित वडाको वडा अध्यक्ष/सदस्यको नेतृत्वमा कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ

३) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा वडा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

४) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा आयोजनाको संक्षिप्त विवरण, बजेट र समितिको संरचना सहितको जानकारी वडा कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

५) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । समितिको खाता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट संचालन गर्नु पर्ने छ । **साथै कुनै एउटा आयोजना कार्यान्वयनका लागि महिलाहरुमात्र संलग्न भएको उपभोक्ता समिति गठन गर्नु पर्ने छ ।**

...प्रसाद चापागाईं
...अधिकृत

"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७६।०७७

चलानी नं. : ९०८

मिति :

६) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

७) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ ।

८) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

९) वडा कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख व्यवस्थित गरी राख्नु पर्नेछ ।

१०) आयोजना सम्झौताका लागि कार्यविधिको दफा-८ अनुसारका कागजातहरु संलग्न गरी फाईल तयार गरी व्यवस्थित रुपमा नगरपालिकामा पेश गर्नु पर्ने छ ।

११) आयोजनाको कुल लागत ३ लाख वा सो भन्दा वढी भएमा उपभोक्ता 'समितिले काम सुरु गर्नु भन्दा अगावै कार्यविधिको अनुसूचि-५ बमोजिकको ढाँचामा आयोजना सुचना पाटी आयोजनास्थलमा राख्नु पर्ने छ ।

१२) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगाडी उपभोक्ता समितिले अनिवार्यरुपमा कार्यविधिको अनुसुची- ३ अनुसार वडा कार्यालयको कर्मचारीको रोहवरमा सार्वजनिक परिक्षण गर्नु पर्ने छ ।

१३) उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना कार्यविधिको अनुसूची ४ बमोजिमको ढाँचामा राख्नु पर्ने छ

१४) आयोजनाको कार्यान्वयनको अवस्थामा र अन्तिम भुक्तानी हुनु अघि नगरपालिकाबाट अनुगमन गराउनु पर्नेछ ।

१५) यसमा लेखिएदेखि वाहेकका विषयहरु नमेबुद्ध नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ र प्रचलित कानूत बमोजिम हुने छ ।

**१६) उपभोक्ता समितिका सदस्यको योग्यताः**

- सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा ।
- १८ वर्ष उमेर पुरा भएको ।
- फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- सरकारी बाँकी बक्यौता वा पेश्की फर्छ्यौट बाँकी नरहेको ।
- अन्य उपभोक्ता समितिमा सदस्य, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक वा सार्वजनिक ओहोदामा आसिन व्यक्ति उपभोक्ता समितिमा बस्न पाईने छैन ।

माथि तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा नगरपालिकाले अन्य प्रकृयाद्वारा काम गराउन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

.................

भोला प्रसाद चापागांई

प्रमुख प्रशासकीय अधिकृत